
परिशिष्ट "ख"

(पृष्ठ ५ परिच्छेद-३ को प्यारा ५ सँग सम्बन्धित)

## आयोजनाले निर्माण गर्नुपर्ने बङ्करको स्केच




| Capacity Schedule | | | | | | |
|---|---|---|---|---|---|---|
| S.N. | Description | No of Boxes | Layer | Wt.per box mtr.per box | Total | Remarks |
| 1. | Detonator | 28 | 4 | 1000. (num) | 112000. (num) | Box Size 18"x9"x11" |


| Opening Schedule | | | | |
|---|---|---|---|---|
| S.N. | Symbol | Size | Number | Remarks |
| 1. | Door(D) | 4'-0"x7'-0" | 1 | As specified by Ammunition Guide Lower vent is at 12" from plinth lev |
| 2. | Vent (V5) | 5'-0"X1'-6" | 6(3+3) | (Louvered and fixed grilled) |

## Detonator Store Plan

**(Capacity =100K)**

**(Plinth Area = 211.2 Sq.ft)**

निषेधित
१२
नीति तथा योजना निर्देशनालय
व्यवस्था, नीति तथा योजना
जंगी अड्डा




# Detonator Store Plan

**(Capacity =200K)**

**(Plinth Area = 282.36 Sq.ft)**

## Capacity Schedule


| S.N. | Description | No of Boxes | Layer | Wt.per box mtr.per box | Total | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | Detonator | 52 | 4 | 1000. (num) | 208000. (num) | Box Size 18"x9"x11" |

## Opening Schedule

| S.N. | Symbol | Size | Number | Remarks |
|---|---|---|---|---|
| 1. | Door(D) | 4'-0"x7'-0" | 1 | As specified by Ammunition Guide Lower vent is at 12" from plinth lev |
| 2. | Vent (V5) | 5'-0"X1'-6" | 10(5+5) | (Louvered and fixed grilled) |

निषेधित

१३




## Capacity Schedule

| S.N. | Description | No of Boxes | Layer | Wt.per box mtr.per box | Total | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | Explosive | 252 | 8 | 25 (kg) | 50400. (kg) | Box Size 18"x9"x11" |
| 2. | Det.cord | 25 | 6 | 1500 (mtrs) | 225000. (mtrs) | 18"x9"x11" |

## Opening Schedule

| S.N. | Symbol | Size | Number | Remarks |
|---|---|---|---|---|
| 1. | Door(D) | 4'-0"x7'-0" | 2 | As specified by Ammunition Guide |
| 2. | Vent (V5) | 5'-0"X1'-6" | 18(9+9) | Lower vent is at 12" from plinth lev (Louvered and fixed grilled) |


# Explosive Bunker Plan

**(Capacity =50 tones)**
**(Det.cord =200000 mtr )**
**(Plinth Area =1081.6 Sq.ft)**

निषेधित

निषेधित

१४




# Explosive Bunker Plan

(Capacity =30 tones)
(Det.cord =100000 mtr )
(Plinth Area = 714.87 Sq.ft)


**Capacity Schedule**

| S.N. | Description | No of Boxes | Layer | Wt.per box mtr.per box | Total | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | Explosive | 152 | 8 | 25 (kg) | 30400. (kg) | Box Size 18"x9"x11" |
| 2. | Det.cord | 20 | 4 | 1500 (mtrs) | 120000. (mtrs) | 18"x9"x11" |

**Opening Schedule**

| S.N. | Symbol | Size | Number | Remarks |
|---|---|---|---|---|
| 1. | Door(D) | 4'-0"x7'-0" | 2 | As specified by Ammunition Guide |
| 2. | Vent (V5) | 5'-0"X1'-6" | 16(8+8) | Lower vent is at 12" from plinth lev (Louvered and fixed grilled) |

निषेधित
१६
नीति तथा योजना निर्देशनालय





**Explosive Bunker Plan**

(Capacity =50 tones)
(Det.cord =200000 mtr )
(Plinth Area =1081.6 Sq.ft)

निषेधित

निषेधित
१६




## Section at X-X

परिशिष्ट "ग"
(पृष्ठ ५ परिच्छेद-३ को प्यारा ७ सँग सम्बन्धित)

## प्रारम्भिक निरीक्षण प्रतिवेदन फारम

निरीक्षण टिमः .........सहायक वाहिनीपति (सहायक वाहिनीपति नभएको अवस्थामा ज्येष्ठ स्टाफ अधिकृत)
........ गण/गुल्म, गणपति/गुल्मपति
........ आयोजनाका प्रतिनिधि
........ (इन्जिनियरिङ्ग विभागका प्रतिनिधि)
........ (एम्युनिशन कार्य महाशाखाको प्रतिनिधि)
........ (अन्य)

१. जिल्लामा तैनाथ युनिट तथा नजिक रहेको सुरक्षा पोष्टबाट आयोजना स्थलसम्मको दुरी तथा आवत जावतको लागि लाग्ने समय.

२. जिल्लामा तैनाथ युनिट तथा नजिक रहेको सुरक्षा पोष्टबाट आयोजना स्थलसम्मको बाटो अवस्था (कच्ची/पक्की) तथा वर्षातको समयमा सडक सुचारु हुने/नहुने

३. आयोजना स्थलसम्म सडक मार्ग नभएमा/अवरुद्ध भएमा विष्फोटक पदार्थ ढुवानीको माध्यम.

(क) भन्सारबाट आयोजनाको बङ्कर घर (बङ्कर घर निर्माणको लागि प्रस्ताव गरेको स्थान) सम्म

(ख) बङ्कर घरबाट आयोजना स्थलसम्म

४. बङ्कर घर तथा सुरक्षार्थ तैनाथ हुने फौजको लागि आवश्यक भौतिक संरचना निर्माण सम्बन्धमा.

(क) छनौट गरिएको निर्माण स्थानको विवरण. जिल्ला, न.पा./गा.पा., वडा (Longitude, Latitude र क्षेत्रफल, उक्त स्थानको स्केच तयार गरी बङ्कर तथा अन्य भौतिक संरचना निर्माण स्थानको मार्किङ्गसहित)

(ख) प्राकृतिक विपद्बाट जोखिमयुक्त भए/नभएको.

| सि.नं | आयोजनाको नाम | पहिरोबाट हुने क्षतिको सम्भावना | | | बङ्कर नै पहिरोमा पर्ने सम्भावना | | | बाढिले क्षति गर्ने सम्भावना | | | हेलिप्याड/उपयुक्त जमिन | | पिउने पानीको व्यवस्था | | सडक | | | बजार | | भलिबल/व्याटमिनटन ग्राउण्ड | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नरहेको | न्यून | बढि रहेको | नरहेको | न्यून | बढि रहेको | नरहेको | न्यून | बढि रहेको | भएको | उपयुक्त जमिन | भएको | नभएको | कच्ची | पक्की | नभएको | भएको | नभएको | भएको | नभएको |
| १. | नमुना | ✓ | | | | | | | | | | | | | | | | | | | |

(ग) हाइटेन्सन लाईन नजिक भए/नभएको.

(घ) आयोजना र बङ्कर घर निर्माण स्थलबाट नजिक रहेको गाउँ बस्तीसम्मको दुरी

(ङ) निर्माण सम्पन्न अन्य आयोजनाको बेश (बङ्कर तथा अन्य भौतिक संरचना) हरु प्रयोग हुने भएमा सो सम्बन्धी विस्तृत विवरण (श्रोत, Location)

(च) सुरक्षार्थ तैनाथ हुने फौजको लागि पानी/बिजुलीको व्यवस्था (नभएमा आयोजनाबाट वैकल्पिक व्यवस्था हुने/नहुने)

(छ) हेलिप्याडको उपलब्धता तथा निर्माण गर्नु पर्ने भएका उपयुक्त स्थानको छनौट सम्बन्धी विवरण

(ज) फौज तैनाथ हुने स्थान (बङ्कर घर) बाट टनेल हेड/ड्याम सम्मको दुरी (पैदल/भेहिकल स्केच सहित)

(झ) भौतिक संरचना निर्माण हुने स्थल निजि/सरकारी, उक्त जग्गा प्राप्त गर्न आयोजनाले गरेको कार्य तथा जग्गा प्राप्तिमा कठिनाई रहे/नरहेको

(ञ) फौजको लागि आवश्यक राशन ढुवानी (आपूर्तिकर्ता वा आयोजना)

(झ) अन्य सुरक्षा चुनौती भएमा

५. <u>अन्य</u>.

६. <u>मूल्याङ्कन</u>. भौगोलिक वनावट, प्राकृतिक विपद्को सम्भावना तथा अन्य विषयहरुलाई दृष्टिगत गरी छनौट गरिएको निर्माण स्थलमा बङ्कर तथा अन्य भौतिक पूर्वाधारहरु निर्माण गरी फौज तैनाथ गराउन उपयुक्त हुने/नहुने स्पष्ट खुलाउने ।

<u>नोटः</u> विष्फोटक पदार्थ सुरक्षार्थ तैनाथ हुने फौज व्यवस्थापन सम्बन्धमा पृतना हे.क्वा.को रायसमेत खुलाउने ।

परिशिष्ट "घ"
(पृष्ठ ६ परिच्छेद-३ को प्यारा ७ सँग सम्बन्धित)

नेपाली सेना र सम्बन्धित आयोजनाबिच हुने समझदारी पत्र Memorandum of Understanding (MoU) को नमुना

नेपाली सेना, (युनिट)........................................................ र ...................... जिल्लामा ........................द्वारा निर्माणाधीन ............................ ...............................आयोजनाबिच हुने समझदारी-पत्र

Memorandum of Understanding (MoU) मस्यौदा

................. जिल्लामा ........................................................................ द्वारा निर्माणाधीन ................................................................. आयोजना (......... कि.मि./मेगावाट) को विभिन्न भूमिगत वा अन्य संरचनाहरु निर्माण कार्यको लागि आवश्यक पर्ने विष्फोटक पदार्थहरुको भण्डारण, ढुवानी तथा प्रयोगको अनुगमन र विष्फोटनको दौरान सुरक्षा प्रदान गर्ने कार्यको लागि नेपाल सरकारबाट स्वीकृत भइ आएअनुसार प्रचलित कानून वा ऐन वा नेपाल सरकारको निर्णयबमोजिम आपसी सहमतिमा २ (दुई) पक्षबिच समझदारी गरेका छौं ।

नेपाली सेना (युनिटको नाम) ....................................................................... तथा पछि बदली हुँदा तैनाथ हुने नेपाली सेनाको युनिट (उप्रान्त पहिलो पक्ष भनि सम्बोधन गरिने) र ..................................................... (........कि.मि./मेगावाट) जलविद्युत वा अन्य आयोजना (उप्रान्त दोस्रो पक्ष भनि सम्बोधन गरिने) काबिच देहायबमोजिमका सर्तहरुको अधिनमा रहेर कार्यहरु गर्ने/गराउने गरी यो समझदारी पत्र (MoU) मा दुवै पक्षबाट (पहिलो पक्ष ................................................................र दोस्रो पक्ष......................................... ...... .............................) उल्लिखित साक्षीको रोहबरमा हस्ताक्षर गरी आ-आफ्नो जिम्मेवारीको कार्य सम्पादन गर्न सहमत छौं ।

सर्तहरु

१. यो समझदारी पत्र दुवै पक्षले हस्ताक्षर गरेको मितिबाट लागु भई निर्माण कार्य सम्पन्नपश्चात् आयोजनाको बाँकी रहेको बिष्फोटक पदार्थ व्यवस्थापन सम्बन्धी कार्य नभएसम्म वा यो समझदारी पत्रमा उल्लिखित प्रावधानअनुसार खारेज नभएसम्मको लागि लागु हुनेछ ।

२. आयोजना निर्माणको लागि नेपाल सरकारको कानूनबमोजिम स्वीकृति प्राप्त गरी खरिद तथा आयात गरेका विष्फोटक पदार्थहरु भण्डारणको लागि दोस्रो पक्षले ........................... जिल्ला ..................................न.पा./गा.पा. वडा नं. ... स्थित आयोजना स्थलमा पहिलो पक्षको मापदण्डबमोजिम मुख्य बङ्कर निर्माण गर्नेछ । यसरी निर्माण गरिने बङ्करमा Lightening Arrestor, कम्तिमा २००० लिटर क्षमताको पानी टयाङ्की, Fire Extinguisher, Fire Alarm, Siren Lock को समेत व्यवस्था हुनुपर्नेछ । बङ्कर सुरक्षार्थ Traverse Wall को बाहिर पट्टी Barbed Wire को तारबार लगाउनु पर्नेछ ।

विष्फोटक पदार्थहरु बङ्करमा भण्डारण गरेपश्चात् पहिलो पक्षले भण्डारण, ढुवानी एस्कर्ट, विष्फोटनको दौरान सुरक्षा र सोको प्रयोगको अद्यावधिक अभिलेख राख्न दुवै पक्ष मञ्जुर गर्दछौं । बङ्करमा विष्फोटक पदार्थ भण्डारण क्षमता नेपाली सेनाको विष्फोटक पदार्थ भण्डारण गर्ने नीति/मापदण्डबमोजिम हुनेछ ।

३. सुरक्षाको लागि खटिने फौज राख्ने स्थान हाइटेनशन लाइनको नजिक तथा प्राकृतिक रुपले विपदग्रस्त क्षेत्रहरुमा नपर्ने गरी उपयुक्त हेलिप्याड सहितको सुरक्षित स्थानको छनौट दोस्रो पक्षले गर्नेछ। उक्त छनौट भएको स्थानमा पहिलो पक्षले रेकी गरी सैनिक सुरक्षा तथा सैनिक सञ्चार सम्पर्कको सुनिश्चितता भएको यकिन गरेपश्चात् मात्र भौतिक संरचना निर्माण प्रकृया अगाडी बढाउनु पर्नेछ । साथै, निर्माण हुने प्रत्येक भौतिक संरचनामा नेपाल सरकारको मापदण्डबमोजिमको Lighting Arrester समेत राख्नु पर्नेछ।

४. बङ्करमा भण्डारण गरिएको विष्फोटक पदार्थ निर्माणस्थलसम्म ढुवानी गर्दा तत्कालीन समय र स्थानको सुरक्षा परिस्थिती, विष्फोटक पदार्थको प्रकार र परिमाणलाई मध्यनजर गरी पहिलो पक्षले आवश्यकताअनुसार माग गरेबमोजिमका सवारी साधनहरु दोस्रो पक्षले उपलब्ध गराउनु पर्नेछ । विष्फोटक पदार्थ र डेटोनेटर ढुवानीको लागि छुट्टाछुट्टै सवारी साधनको व्यवस्था गर्नुपर्नेछ ।

५. दोस्रो पक्षले आयोजना निर्माण स्थलमा तयार गरेको मापदण्डअनुरूपको बङ्कर घर, तैनाथ हुने पहिलो पक्षको सुरक्षा फौजको लागि आवश्यक सुविधासहितको हतियार भण्डार कोठा, अधिकृत आवास, अधिकृत मेश, अतिथि कोठा, जवान लाइन, भान्छा, बिजुलीको वैकल्पिकको रुपमा जेनेरेटर, वारुण यन्त्र, CC Camera, खाद्य भण्डार, स्नान गृह, शौचालय एवम् हेलिप्याडसहितको भौतिक संरचनाहरुमा पानी तथा बिजुलीको व्यवस्था एवम् पेरिमिटर सुरक्षाको लागि तारबार, कन्सर्टिना वायर र सुरक्षा आवश्यकताअनुसार सेन्ट्री पोष्टहरु उपलव्ध भएको यकिन गरेर पहिलो पक्ष आयोजना स्थलमा न्यूनतम १/२४ नफ्रीको फौज खटाउन मञ्जुर गर्दछ ।

६. यसरी, फौज खटाउँदा आयोजना स्थलमा न्यूनतम १/२४ को नफ्री वा स्थान विशेषको सुरक्षा अवस्था, भौगोलिक वा अन्य कारणले सुरक्षा संवेदनशीलता एवम् फौजको उपलब्धता र आयोजनाको आवश्यकता हेरी श्री युद्धकार्य निर्देशनालयले सङ्ख्या निर्धारण गरेअनुसार गर्न मञ्जुरी गर्नेछ ।

७. विष्फोटन गरिनु पर्ने ठाउँमा विष्फोटन गर्नुपूर्व उक्त इलाकामा कोही व्यक्ति वा जीवजन्तु नभएको यकिन गर्ने, नजिकको गाउँ बस्ती इलाकामा पूर्व सूचना गरिएको एवम् विष्फोटन कार्य पूर्व साइरन बजाई सजग गराउनु पर्नेछ ।

८. विष्फोटनको कार्य सकिएपछि विष्फोटन गरिएको इलाकाबाट जानु अघि प्रहरीको उपस्थितिमा विस्तृत रुपले Search गर्नुपर्नेछ । Search गरिएको अभिलेखमा प्रहरीले अनिवार्य हस्ताक्षर गरेको हुनुपर्नेछ।

९. आयोजना स्थलमा आयोजनाको निर्माण कार्य दैनिक ३ (तीन) सिफ्टमा २४ सै घण्टासम्म पनि सञ्चालन हुनसक्ने भएकोले आयोजना निर्माण स्थलमा आवश्यक भौतिक पुर्वाधारहरु पूर्ण रुपमा निर्माण भई

स्थायी रुपमा पोष्ट तैनाथ भएपछि पहिलो पक्षले आयोजनाको आवश्यकताअनुसार २४ सै घण्टा बिष्फोटक पदार्थको ढुवानी, प्रयोगको अनुगमन र विष्फोटनको दौरान सुरक्षा प्रदान गर्न मञ्जुर गर्दछ । रातको समयमा सुरुङ भित्रमात्र विष्फोटनको कार्य गर्न दोस्रो पक्ष मञ्जुर गर्दछ । रातको समयमा सुरक्षा प्रदान गर्नुपर्ने भएमा थप फौज परिचालन गर्न दुवै पक्ष सहमति गर्दछ । रातको समयमा डिउटीमा खटिनेलाई तोकिएको खाजा सहुलियत दोब्बर गर्नुपर्नेछ ।

१०. विष्फोटक पदार्थ ढुवानी स्कर्टमा पहिलो पक्षबाट खटिने फौज तथा विष्फोटक पदार्थ ढुवानीको लागि चालकसहितको उपयुक्त सवारी साधन पहिलो पक्षको मागअनुसार उपलव्ध गराउन दोस्रो पक्ष मञ्जुर गर्दछ ।

११. विष्फोटक पदार्थ प्रयोग तथा व्यवस्थापन सम्बन्धमा दुवै पक्षको अनुकूलतालाई हेरी आवश्यकताअनुसार छलफल गरी निर्णय गरिनेछ ।

१२. दोस्रो पक्षले आयोजना निमार्ण स्थलमा पहिलो पक्षको तैनाथ हुने सुरक्षा फौजको लागि फौज खटाउनु अगावै आवश्यक आवासीय सामग्रीहरु उपलव्ध गराउन दोस्रो पक्ष मञ्जुर गर्दछ । उल्लेखित सामग्रीहरु उक्त अवधिभर प्रयोगको दौरान टुटफुट भएमा, च्यातिएमा, पुरानो भएमा वा प्रयोगमा लिन नसकिने भएमा दोस्रो पक्षले नयाँ खरिद गरी पहिलो पक्षलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु पर्नेछ। साथै, समझदारी पत्र (MoU) बमोजिमको कार्य सम्पन्न भई पहिलो पक्ष आयोजनास्थलबाट फिर्ता हुने समयमा उल्लेखित सामग्रीहरु जे-जस्तो अवस्था तथा हालतमा छ, सोही अवस्थामा दोस्रो पक्षलाई हस्तान्तरण गर्नेछ । त्यसैगरी यसरी खटिने फौजको लागि आवश्यक पर्ने प्राथमिक उपचारका अत्यावश्यक औषधीहरु उपलव्ध गराउन दोस्रो पक्ष मञ्जुर गर्दछ ।

१३. दोस्रो पक्षले आयोजना निर्माणस्थलमा तैनाथ सुरक्षा फौजलाई मनोरञ्जनको लागि आवश्यक पर्ने ३२ इन्चको टेलिभिजन (LED) गोटा-२ (दुई), Dish TV Receiver गोटा-२ (दुई), सोको मासिक रिचार्ज गर्नपर्नेछ, सञ्चार सुविधाको लागि डबल सिम भएको एन्ड्रइड मोवाइल सेट-१ (एक), सोको मासिक रिचार्ज रु. ५००० (पाँच हजार) मा विद्यमान अवस्थामा नबढाई र इन्टरनेटको लागि राउटर थान-१ (एक) जडान गरी सोको नियमित मासिक रिचार्ज पहिलो पक्षलाई उपलब्ध गराउनेछ।

१४. दोस्रो पक्षले तैनाथ सुरक्षा फौजलाई सैनिक सञ्चार सम्पर्कको सुनिश्चितताको लागि आवश्यक पर्ने Satellite Phone गोटा-१ (एक) र फोन प्रयोग गरेबापत लाग्ने न्यूनतम मासिक शुल्क र प्रयोग भएको समयको शुल्क उपलब्ध गराउनेछ ।

१५. दोस्रो पक्षले तैनाथ सुरक्षा फौजहरुको लागि खेलकुद तथा मनोरञ्जनका सामग्रीलगायत कल्याणकारी कार्यहरुको निमित्त भलिबल/ब्याडमिनटन सटलसहित/बास्केटबल/क्यारिम बोर्ड-पाउडरसहित उपलब्ध गराउनुका साथै बिग्रिएमा समयमा नै अर्को सेट उपलब्ध गराउनेछ ।

१६. दोस्रो पक्षले आयोजना निर्माणस्थलमा खटिने सुरक्षा फौजको कार्यालय, भान्छा तथा शौचालय दैनिक सरसफाईको निमित्त सरसफाईका सामग्रीहरु (साबुन/फिनेल/सेनिटाईजर/कुचो/झाडु आदि) को लागि मासिक रु. १००००।- (दश हजार) नबढाई सामग्री नै पहिलो पक्षलाई उपलब्ध गराउनेछ।

१७. दोस्रो पक्षले कार्यालयमा आवश्यक कम्प्युटर, प्रिन्टर र स्टेशनरी सामाग्रीहरु खरिद गर्न माग भएबमोजिम प्रचलित दररेटअनुसार खर्च उपलब्ध गराउनु पर्नेछ ।

१८. विष्फोटक पदार्थ भण्डारण, ढुवानी एवम् प्रयोगको सुरक्षाको लागि तैनाथ भएका सुरक्षा फौजलाई दोस्रो पक्षले दैनिक खाजा खर्च उपलब्ध गराउने छ । उक्त खाजा खर्च भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ को उपनियम (१) को अनुसूचीमा उल्लेख भएको दैनिक भत्ता दरलाई आधारमानी ऐ. नियमावलीको नियम ७ को उपनियम (३) बमोजिम नियमअनुसार करकट्टा गरी निम्नअनुसारको रकम पहिलो पक्षलाई महिना अन्त्य भएको १० दिनभित्र उपलब्ध गराउनेछ ।

| सि.नं. | दर्जा | तह | सङ्ख्या | दैनिक दर (रु.) | १५% कर कट्टा भएपश्चात् प्रतिव्यक्ति प्रतिदिन हुन आउने रकम | प्रति महिना कुल जम्मा रकम |
|---|---|---|---|---|---|---|
| १. | अधिकृत | द्वितीय | १ | ४००।- | ३४० | १०२००।- |
| २. | जुनियर अधिकृत (सुवेदार/जमदार)/ अन्यदर्जा | तृतीय | २४ | ३००।- | २५५ | १८३६००।- |
| जम्मा | | | २५ | - | - | १,९३,८००।- |

१९. पहिलो पक्षको तर्फबाट विष्फोटक पदार्थको सुरक्षा, ढुवानीको एस्कर्ट, प्रयोगको अनुगमन र विष्फोटन लगायत अन्य डिउटीको दौरान सुरक्षा प्रदान गर्न खटिने अधिकृत तथा अन्य सकलदर्जाको लागि प्रत्येक व्यक्ति रु. ३०,००,०००।०० (अक्षरुपी तीस लाखमात्र) बराबरको बिमा तथा घाइते भएमा औषधी उपचारकोसमेत व्यवस्था दोस्रो पक्षले गर्नेछ । विष्फोटक पर्दाथहरुको एस्कर्टिङ्ग तथा सुरक्षार्थ खटिने फौजको कुनै व्यक्ति घाइते, अङ्गभङ्ग तथा Active Duty मा लिन नसकिने अवस्थामा **"सशस्त्र द्वन्द्वमा घाइते भई अपाङ्गता भएका व्यक्तिहरुको अपाङ्गता प्रतिशत निर्धारण तथा पुनरावलोकन कार्यविधी, २०७४"** को अनुसूची-१ सरह कुल बिमा रकमबाट दोश्रो पक्षले उपलब्ध गराउनेछ । यदि उक्त अनुसूचीले समेट्न नसक्ने प्रकारको घाइते भएमा सैनिक सेवा नियमावली, २०६९ को नियम १०७ को मेडिकल बोर्डले अशक्तता प्रतिशत निर्धारण गरेबमोजिम हुनेछ । साथै, गैर सैनिक कामदारहरुको हकमा बिमालगायत सम्पूर्ण जिम्मेवारी सम्बन्धित आयोजनाकै हुनेछ ।

२०. आयोजना निर्माणको लागि खरिद/आयात गरेका विष्फोटक पदार्थको प्रयोग गर्ने अवधि समाप्त (Date of Expiry) भई वा अन्य कारणले डिष्पोज गर्नुपर्ने भएमा डिष्पोज गर्न लाग्ने सम्पूर्ण आर्थिक दायित्व दोस्रो पक्षले बेहोर्न मञ्जुर गर्दछ । साथै, प्रयोग गर्ने अवधि समाप्त (Date of Expiry) भएका विष्फोटक पदार्थ

प्रयोग गरी निर्माण कार्य सञ्चालन भएमा हुनसक्ने दुर्घटनाको सम्पूर्ण जिम्मेवारी सम्बन्धित आयोजनाकै हुनेछ ।

२१. आयोजना सम्पन्न हुने समयमा दोस्रो पक्षद्वारा निर्माण गरेको बङ्कर घरमा बाँकी रहेका खपत अवधि पुरा (Date of Expiry) भएका विष्फोटक पदार्थ डेमोलेशन/बर्निङ्ग गर्नका लागि आवश्यक सामाग्री, सामुहिक दुर्घटना बिमालगायत सम्पूर्ण व्यवस्था दोस्रो पक्षले गर्नेछ ।

२२. विदेशबाट खरिद/आयात भएका विष्फोटक पदार्थहरु आयात गर्दा कै समयमा गुणस्तरहीन भएको पाइएमा उक्त विष्फोटक पदार्थ ३० दिनभित्र सम्बन्धित उत्पादक कम्पनी (Point of Origin) मा नै फिर्ता पठाउने व्यवस्था दोस्रो पक्षले गर्नेछ ।

२३. पहिलो पक्षको तर्फबाट खटिने फौज र दोस्रो पक्षबिच समझदारी पत्र (MoU) मा हस्ताक्षर भएतापनि दोस्रो पक्षले अन्य निर्माण व्यवसायी कम्पनीलाई विभिन्न निर्माण कार्य सञ्चालन गर्न लगाएको अवस्थामा दोस्रो पक्षले आधिकारिक पत्रसहित २ (दुई) पक्षबिच समन्वय गर्ने प्रतिनिधि खटाउने छ ।

२४. सुरक्षा प्रयोजनको लागि आयोजना निर्माण कार्यमा खटिने व्यक्तिहरुको व्यक्तिगत विवरण पहिलो पक्षको मागबमोजिम दोस्रो पक्षले उपलब्ध गराउन मञ्जुर गर्दछ ।

२५. पहिलो पक्षले आयोजना स्थलमा खटिने फौजको खाद्यान्न, इन्धन र अन्य बन्दोबस्ती सामान ढुवानीको कार्यमा दोस्रो पक्षले पहिलो पक्षलाई सहयोग गर्नेछ ।

२६. दोस्रो पक्षले आयोजना स्थलमा सुरक्षा फौजको अदलीबदली कार्यका निमित्त प्रत्येक ४/४ (चार/चार) महिनामा र श्री युद्धकार्य निर्देशनालयबाट हुने निरीक्षण समेतको लागि चालक र इन्धन सहितको आवश्यक सवारी साधन पहिलो पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

२७. विपद्/आकस्मिक परिस्थिति परेमा दोस्रो पक्षले सवारी चालक र इन्धन सहितको सवारी साधन पहिलो पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

२८. यस सम्बन्धमा नेपाल सरकारबाट कुनै बिशेष नीति लागु भएमा शान्ति सुरक्षाको स्थिति हेरी दुवै पक्षको सहमतिमा आयोजना स्थल हेरफेर गर्न, सर्तहरु संशोधन गर्न वा समझदारी पत्र (MoU) रद्द गर्न सकिनेछ । यसरी स्थान हेरफेर र थप गर्ने वा सुरक्षा फौज थप/घट गर्ने विषयमा दुबै पक्ष सहमत भएमा पहिलो पक्षले आवश्यक फौज उपलब्ध गराउने र दोस्रो पक्षले थप फौजका लागि मापदण्डअनुसारको भौतिक संरचनाहरु र अन्य सुविधाहरु थप फौजको लागि पूर्ववत् उल्लेख गरिएबमोजिम नै थप हुनेछ ।

२९. यदि कुनै एक पक्षले आयोजनाको विष्फोटक पदार्थ सम्बन्धी कार्य सम्पन्न नहुँदै यस समझदारी पत्र (MoU) रद्द गर्न चाहेमा सोको आधार र कारण खुलाई ३० दिन अगावै अर्को पक्षलाई लिखित जानकारी गराई आपसी सहमतिमा यो समझदारी पत्र (MoU) रद्द गर्न सकिनेछ ।

३०. राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरुको सम्बन्धमा नेपाल सरकारले गर्ने निर्णयहरु लागु गर्न दुवै पक्ष मञ्जुर गर्दछौं ।

३१. कुनै विशेष परिस्थितिमा नेपाल सरकारले रद्द गर्ने निर्णय गरेमा यो समझदारी पत्र (MoU) स्वतः रद्द हुनेछ ।

३२. दुवै पक्षहरुबिच कुनै किसिमको असमझदारी, समस्या वा विवाद भएमा दुवै पक्षका तर्फबाट स्थानीय युनिट कमाण्डर तथा आयोजनाका आधिकारिक प्रतिनिधिबिच आवश्यक छलफल गरी आपसी सहमति र समझदारीमा समाधान गरिनेछ । यदि आपसी सहमतिबाट विवादको समाधान हुन नसकेमा प्रचलित ऐन नियमको प्रक्रिया अवलम्बन गरिनेछ ।

३३. आयोजना स्थलमा तैनाथ फौजको सुरक्षा सम्बन्धमा पहिलो पक्षले तयार गरेको स्थायी सुरक्षा कार्यविधि दोस्रो पक्ष र तिनका कामदारहरुले पालना गर्नुपर्नेछ । पहिलो पक्षले सुरक्षा व्यवस्थाको बारेमा आवश्यकताअनुसार दोस्रो पक्ष तथा तिनका कामदारहरुलाई जानकारी गराउनेछ ।

३४. आयोजना स्थलमा दोस्रो पक्षले पहिलो पक्षको सुरक्षा फौजहरु बस्न तथा विष्फोटक पदार्थ भण्डारण गर्न उपलब्ध गराएको भौतिक संरचनाहरु पहिलो पक्षकै स्वामित्वमा हुनेछ । दोस्रो पक्षले आयोजनाको विष्फोटक पदार्थ सम्बन्धी कार्य सम्पन्न भएको र भण्डारण स्थलमा कुनै पनि विष्फोटक पदार्थ बाँकी नभएको लिखित सूचना पहिलो पक्षलाई उपलब्ध गराएपश्चात् बङ्कर तथा अन्य भौतिक संरचनाहरु पहिलो पक्षले दोस्रो पक्षलाई फिर्ता गरी फौज फिर्ता हुनेछ ।

३५. आयोजनाका तर्फबाट कार्यरत सकल कर्मचारीले सैनिक व्यक्तिहरुको आत्मसम्मानमा मानमर्दन हुने व्यवहार नगर्ने र आयोजनाको कार्यमा पहिलो पक्षबाट सुरक्षा कारण बाहेक अन्य कार्यमा कुनैपनि प्रकारको प्रभाव वा हस्तक्षेप हुने छैन ।

३६. कुनै विषम् परिस्थिति वा राष्ट्रिय/क्षेत्रीय भू-भागमा गम्भिर सुरक्षा चुनौती खडा भई आयोजनाको सुरक्षार्थ तैनाथ फौजको सङ्ख्या कम गर्नुपर्ने भएमा पहिलो पक्षको प्रस्तावअनुसारको फौज खटन पटनमा दोश्रो पक्ष स्वतः सहमती भएको मानिनेछ ।

३७. यो सहमति पत्रमा लेखिएका विषयहरू यसै बमोजिम र यस बाहेकका विषयहरु मौजुदा कानूनको अधिनमा रही आपसी सहमतिमा निर्धारण हुनेछन् ।

**पहिलो पक्ष**

(नेपाली सेनाको तर्फबाट)

..........................................

..........................................

आयोजना

गणपति/गुल्मपति

श्री .............................................. गण/गुल्म .

**दोस्रो पक्ष**

(आयोजनाको तर्फबाट)

..........................................

.............................जलविद्युत

**साक्षी**

................................

.................................

**साक्षी**

..............

.........................जलविद्युत आयोजना

ईति संवत् २०....... साल ............ महिना ...... गते रोज ........ शुभम् ........... ।